# कालिका गाउँपालिकाको आ.व. २०७९/०८० को उपभोक्ता समिति मार्फत संचालन हुने योजनाको लागि आवश्यक कागजातहरु सामान खरिद तर्फ

**क) सम्झौताका लागि आवश्यक काजगातहरु**

१. सम्बन्धित वडाको निर्वाचित जनप्रतिनिधी वा कर्मचारीको रोहवरमा आयोजना क्षेत्रका उपभोक्ताहरुको भेलाले चुनेको कम्तिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एकजना महिला सहित ३३ प्रतिशत महिला भएको ७ देखि १३ जना सम्मको आयोजनाको नाम सँग मेल खाने नामको उपभोक्ता समिति र उपभोक्ता समितिमा नपरेका एक जना महिला सहित कम्तिमा ३ जनाको अनुगमन समिति गठन भएको माईनोटको फोटोकपी ।

२. बुँदा नं. १ बमोजिम गठन भएको उपभोक्ता समितिको बैठकबाट पदाधिकारी मध्ये एक जनालाई सम्झौताको लागि अख्तियारी दिने भनी भएको निर्णय, खाता संचालन सम्बन्धि निर्णयको फोटोकपी ।

३. उपभोक्ता समितिमा रहेका पदाधिकारी तथा सदस्यहरुको नेपाली नागरिकताको फोटोकपी र तिनपुस्ते विवरण ।

४. उपभोक्ता समितिको निर्णयानुसार खरिद गरिने समाग्रीहरुको अनुमानित दररेट र खरिद प्रक्रिया समेत समावेश गरेको प्रस्तावना ।

५. सम्बन्धित वडा कार्यालयको योजना सम्झौता सिफारिस पत्र ।

६. खाता खोल्नुपर्ने भएमा खाता संचालन हुने पदाधिकारी(अध्यक्ष, सचिव र कोषाध्यक्ष) हरुको २/२ प्रति हालसालै खिचेको पासपोर्ट साईजको फोटो र सम्बन्धित बैंकले उपलब्ध गराउने निवेदन र दस्तखत नमुना कार्ड ।

७. सम्बन्धि उपभोक्ता समितिको योजना सम्झौता सम्बन्धि निवेदन पत्र ।

८. उपभोक्ता समितिको छाप ।

**ख) अन्तिम विल भुक्तानीको लागि आवश्यक कागजातहरु ।**

१. उपभोक्ता समितिको बैठकबाट प्रस्तावना वमोजिमका सामानको सूचि सहित समाग्री सप्लायर्सहरु सँग ७ दिनको कोटेसन माग गरेको निर्णयको फोटोकपी र कोटेसन माग गरिएको पत्रको ओ.सी.

२. सप्लायर्सहरुबाट गाउँपालिकामा सूचिकृत गरेको प्रमाण र सूचिकृत सप्लायर्सहरुबाट पेश गरेको सक्कलै कोटेसन ।

३. प्राप्त कोटेशनहरुको तुलनात्मक तालिका बनाई उपभोक्ता समितिको बैठकबाट तालिका बमोजिम सबै भन्दा कम रकम कबुल गर्ने सप्लायर्सबाट सामान खरिद गर्ने भनी भएको निर्णयको प्रतिलिपी ।

४. खरिद गरिएको समाग्रीको विल सहित उपभोक्ता समितिको बैठकबाट हाल सम्म कुन कुन शिर्षकमा के कती खर्च भयो भन्ने उल्लेख गरी अन्तिम विल भुक्तानीको लागि निर्णय भएको माईनोटको फोटोकपी ।

५. खरिद गरिएका समाग्रीहरुको माग फारम, खरिद आदेश र दाखिला प्रतिवेदन ।

६. सम्बन्धित योजनाको लागि उपभोक्ताहरुद्धारा गठित अनुगमन समितिको हाल सम्मको कामको अनुगमन भएको र हाल सम्मको खर्च उल्लेख गरी रनिङ्ग विल भुक्तानीको लागि सिफारिस गरिन्छ भन्ने निर्णय भएको माईनोटको फोटोकपी ।

७. सम्बन्धित वडा कार्यालयको भुक्तानी सम्बन्धको सिफारिस पत्र

८. प्रस्तावना बमोजिमको कार्यसम्पन्न प्रतिवेदन र त्यसको लागि आवश्यक अन्य विल भरपाई ।

९. सार्वजनिक सूचना पाटी देखिने गरी आयोजना क्षेत्रको रंगिन फोटो ।

१०. सम्बन्धित वडाको वडास्तरीय अनुगमन समितिको निर्णय तथा सिफारिसको फोटोकपी ।

११. गाउँपालिकास्तरीय अनुगमन समितिको निर्णय तथा सिफारिसको फोटोकपी ।

१२. विल भुक्तानीको लागि बैंक खाताको विवरण सहित सम्बन्धित उपभोक्ता समितिको निवेदन पत्र ।

नोट : योजना सम्झौताको लागि उ.स. गठन गर्दा स्विकृत योजनाको नाम सँग हुवहु मेल खानेगरी गठन गर्नुको साथै सिफारिस गर्दा सोही अनुसार गर्नुहुन तथा सरकारी सेवामा संलग्न राष्ट्रसेवक कर्मचारी, शिक्षक तथा अन्य सरकारी कोषबाट तलव भत्ता भुक्तानी पाउने व्यक्तिलाई उ.स.मा नराख्नुहुन समेत सबै वडाहरुलाई अनुरोध छ ।